सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावली, २०६५ को नियम ३ बमोजिम

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

# तीन महिने स्वत प्रकाशन
# Pro-active Disclosure

## जिल्ला प्रशासन कार्यालय
## इलाम

२०७७ श्रावण देखि ०७७ आश्विनसम्म

## बिषयसूची

**भाग – क**

१. इलाम जिल्लाको परिचय
२. कार्यालयको दूर दृष्टि
३. उद्देश्यहरु
४. मूख्य कार्य र कार्यक्षेत्र

**भाग – ख**

५. संगठनात्मक ढाँचा
६. दरबन्दी विवरण

**भाग – ग**

७. यस आ.व.मा सम्पादित कार्य प्रगति विवरण
   क. नागरिकता तर्फ
   ख. मुद्धा तर्फ
   ग. स्थानीय प्रशासन तर्फ
   घ. राहदानी तर्फ
   ङ राष्ट्रिय परिचय पत्र
   च. विपद सम्बन्धी
८. बजार अनुगमन
९. लेखा तर्फ
   क. स्वीकृत बजेट तथा कार्यक्रम
   ख. खर्च विवरणहरुः चालु र पूँजिगत

१०. कोरोना भाइरस (कोभिड–१९) नियन्त्रण तथा रोकथाम
११. विविध कार्य
१२. समस्याहरु
१३. सुधारको बाटो
१४. निष्कर्ष

**पृष्ठभूमि**

## पृष्ठभूमि

जिल्ला प्रशासन कार्यालय इलामबाट प्रवाह गरिने सेवालाई पारदर्शी, छिटो, छरितो र गुणस्तरीय बनाई जिल्लामा सुशासन कायम गर्ने उद्देश्यका साथ प्रतिबेदन प्रकाशन गर्न लागिएको हो । यो प्रतिबेदनमा यस आर्थिक बर्षको श्रावणदेखि आश्विनसम्ममा सम्पादित कार्यहरुको विवरण समेटी यस कार्यालयबाट प्रवाह गरिएका सेवाहरुको संक्षिप्त झलक प्रस्तुत गर्ने प्रयास भएको छ । साथै यस कार्यालयबाट के, कुन शिर्षकमा के कति खर्च भयो भन्ने कुरा तथ्यगत विवरण सहित सर्बसाधारणको जानकारीको लागि सार्बजनिक गर्ने प्रयास समेत गरिएको छ । यसले एकातिर हाम्रा गतिविधीको बारेमा सर्वसाधारणलाई छर्लङ्ग जानकारी प्राप्त हुन सक्छ भने अर्कोतिर सूचनाको हक कार्यान्वयनमा नेपाल सरकारले अवलम्बन गरेको नीति कार्यान्वयनमा उल्लेख्य टेवा पुग्न सक्नेछ ।

यो संक्षिप्त प्रतिबेदनलाई ३ भागमा बिभाजन गरिएको छ । भाग १ मा कार्यालयको दूरदृष्टि, उद्देश्य, मूख्य मूख्य कार्यहरु जस्ता विषय समेटिएका छन् भने भाग २ मा कार्यालयको संगठनात्मक ढाँचा र दरबन्दी विवरणलाई समेटिएको छ भने भाग ३ मा २०७७/७८ को श्रावण, भदौ र आश्विन महिनामा सम्पादित कार्यप्रगति विवरण सर्बसाधारणको जानकारीको लागि उल्लेख गरिएको छ ।

### भाग 'क'

### १. इलाम जिल्लाको परिचयः

नेपालको सुदूरपूर्वको मध्य पहाडी भू–भागमा अवस्थित इलाम जिल्ला प्राकृतिक र भौगोलिक रुपले अत्यन्त रमणीय छ। बिशेषगरी इलाम जिल्लालाई ७ 'अ' (अदुवा, अलैंची, आलु, अम्लिसो, ओलन, अकबरे खोर्सानी,अर्थोडक्स चिया) ले चिनिन्छ । इलाम जिल्लाको नामाकरण लिम्बु भाषाबाट भएको मानिन्छ। लिम्बु भाषामा 'इ' भनेको 'घुमाउरो' र 'लाम' भनेको 'बाटो' = (इ लाम) अथवा घुमाउरो बाटो भन्ने बुझिन्छ । त्यसैगरी इलाम नामाकरणमा लाप्चा भाषाको 'इलोम' (पुत्का उडेको वा बसेको ठाउँ) बाट उत्पत्ति भएको अर्को जनमानसमा मत रहेको छ । यसरी हेर्दा यस जिल्लाको नाम दुवै भाषाबाट उपयुक्त रहेको छ ।

### इलाम जिल्लाको भौगोलिक स्थितिः

यस जिल्लाको पूर्वतर्फ भारतको दार्जिलिङ्ग, पश्चिम तर्फ मोरङ्ग र पाँचथर जिल्ला, दक्षिण तर्फ झापा जिल्ला र उत्तरःतर्फ पाँचथर जिल्लाहरु पर्दछन् । यो जिल्ला १७०३ वर्ग किलोमिटर (१७१७५ हे.) क्षेत्रफलमा फैलिएको छ । यस जिल्लाको अक्षांश २६.४०० देखि २७.८०० उत्तरसम्म र देशान्तर ८७.४०० देखि ८८.१०० पूर्वसम्म फैलिएको छ । यस जिल्लामा हालसम्म ४ नगरपालिका र ६ वटा गाउँपालिकाका ८१ वडाहरु रहेका छन् । यस जिल्लाको सदरमुकाम इलाम १२९८ मिटरको उचाईमा अवस्थित छ ।

### हावापानीः

समशितोष्ण जलवायु भएको यस जिल्लाको औषत अधिकतम तापक्रम उचाई अनुसार ३१ डिग्री से. र न्यूनतम तापक्रम ० डिग्री से. सम्म पुग्दछ । धेरैजसो कुहिरो र हुस्सुले ढाकिने यो जिल्लामा बर्षा याममा बढी पानी पर्दछ । पर्यटकीय दृष्टिकोणले इलाम भ्रमणका निम्ति बसन्त ऋतु र शरद ऋतु उत्तम मानिन्छ ।

जनसंख्याः (२०६८ सालको गणनाअनुसार)

| | |
|---|---|
| पुरुषः १४११२६ ९ ४८.६२ प्रतिशत | महिलाः १४९१२८ ९ ५१.३८ प्रतिशत |
| कूल जनसंख्याः २९०२५४ | जनघनत्वः १.७० |
| लैङ्गिक अनुपातः ९४.६ | जनसंख्या बृद्धिदरः १.६४ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

प्रमुख जिल्ला अधिकारी

**जाति, धर्म, भाषा तथा मौलिक संस्कृति:**

यस जिल्लामा ब्राह्मण, क्षेत्री, लिम्बु, राई, गुरुङ्ग, तामाङ्ग आदिको मुख्य बसोबास रहेको छ भने धर्मको आधारमा हिन्दु– ४४.४९%, किरात– ३५.६१%, बौद्ध– १५.२९%, क्रिश्चियन– २.५०%, प्राकृत– १.३४%, इस्लाम– ०.०८% र अन्य– ०.७०% रहेको छ। यहाँ नेपाली, लिम्बु, राई, मगर, गुरुङ्ग आदि प्रमुख भाषाहरु बोल्ने गरेको पाइन्छ। यहाँका मौलिक नाचहरुमा धान नाच, च्याब्रुङ्ग नाच, डम्फू नाच, मारुनी नाच, संगिनी नाच, बालन नाच, दमाई नाच, लेप्चा नाच, रोपाइँ जात्रा, गाई जात्रा, भजन किर्तन आदि पर्दछन्।

**धार्मिक स्थलहरु:**

यस जिल्लाका नारायणस्थान, पाथीभरादेवी, सेतीदेवी, पञ्चकन्यादेवी, माइपोखरी, गजुरमुखी, माईस्थान, माङ्गमालुङ्ग र सिंहवाहिनी देवी आदि प्रमुख धार्मिक स्थलहरु हुन।

**पर्यटकीय स्थलहरु:**

इलाम जिल्लास्थित पर्यटकीय स्थलहरुमध्ये माइपोखरी (२१२१ मिटर), श्रीअन्तु (१६७७ मिटर), सन्दकपुर (३६३६ मिटर), सिद्धिथुम्का (१८०० मिटर), छिन्तापु (३३५३ मिटर) र कन्याम आदि प्रसिद्ध छन्।

**२. कार्यालयको दुर दृष्टि:**

जिल्लामा शान्ति सु-व्यवस्था कायम गरी विकास निर्माण लगायत सार्वजनिक सेवा वितरणमा प्रभावकारीता ल्याई अन्तरनिकाय समन्वय तथा अनुगमनबाट जिल्लामा सुशासन तथा अमन चयन कायम गर्ने।

**३. उद्देश्यहरु:**

- जिल्लामा शान्ति सुरक्षा कायम गर्ने।
- जतनाको जीउ धनको सुरक्षा गर्ने।
- विकास निर्माणका कार्यहरुको अनुगमन गर्ने सुव्यवस्थित तवरले सञ्चालन गर्ने।
- सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउने।
- कालोबजारी नियन्त्रण गर्ने।
- अन्तर निकाय समन्वय गर्ने।
- विकास निर्माण कार्यको अनुगमन गर्ने।
- सुशासन कायम गर्ने कार्यमा समन्वय तथा सहजीकरण गर्ने।

**४. मुख्य कार्य र कार्यक्षेत्र**

**मुख्य कार्यहरु:**

- नागरिकता जारी गर्ने (नयाँ तथा प्रतिलिपि)।
- राहदानी जारी गर्ने।
- कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य गर्ने।
- संघ संस्था दर्ता, नविकरण तथा खारेजी गर्ने।
- केही सार्वजनिक अपराध सम्बन्धी मुद्धा दर्ता/फैसला, ठाडो उजुरी सुन्ने।
- जिल्लामा शान्ति सुव्यवस्था कायम गर्ने।
- विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गर्ने।
- लागू औषध नियन्त्रण तथा सामाजिक अपराध न्यूनीकरण गर्ने।

नेपाल सरकार गृह मन्त्रालय

प्रमुख जिल्ला अधिकारी

**कार्यक्षेत्रः**

**शान्ति सुरक्षा सम्बन्धीः–**

- जिल्ला सुरक्षा समितिको बैठकको संयोजन गर्ने ।
- प्रहरी सँगको समन्वय । (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल)
- शान्ति सुरक्षा सम्बन्धी ठाडो उजुरी उपरको कारवाही र निर्णय ।
- राजनैतिक दल, संघ ⁄ संस्थाहरुसँग समन्वय गरी विवाद सहजीकरण ।

**अनुगमन तथा समन्वय सम्बन्धीः–**

- विकास निर्माण सम्बन्धी,
- अन्तर निकायबीच समन्वय,
- सार्वजनिक सेवाको वितरण सम्बन्धी अनुगमन,
- बजार अनुगमन गरी कालोबजारी, कृतिम अभाव नियन्त्रण,

**नागरिकता वितरण र राहदानी सिफारिस सम्बन्धीः–**

- नियमित रुपमा
- घुम्ति सेवा मार्फत
- टोली खटिएर

**विविधः–**

- संस्था दर्ता नवीकरण विधान संशोधन सम्बन्धी
- दैवी प्रकोप क्षतिपूर्ति सम्बन्धी
- सार्वजनिक अपराध सम्बन्धी
- हातहतियार तथा खरखजना सम्बन्धी
- नाबालक परिचयपत्र सम्बन्धी
- बालकल्याण सम्बन्धी
- राहत क्षतिपूर्ति सम्बन्धी
- अन्य निकायलाई नतोकिएका कार्यहरु ।

**कार्यसम्पादन प्रकृया**

जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवालाई छिटो, छरितो बनाउन कार्यालयको अग्रभागमा डिजिटल नागरिक वडापत्र राखिएको छ साथै सर्वसाधारणको सहजताको लागि यस कार्यालयको बिशेष पहल र संयोजनमा जिल्लास्थित सरकारी कार्यालयको कार्यसम्पादन प्रकृया, सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात, लाग्ने सेवा शुल्क र तत् तत् निकायमा पेश गर्नुपर्ने निवेदनको ढाँचा समेत राखि सेवा प्रवाह वडापत्र–२०७७ प्रकाशित गरिएको छ र सर्वसाधारणको गुनासो सुन्नका लागि गुनासो सुन्ने अधिकारी र सूचनालाई निर्वाध रुपले प्रवाह गर्न सूचना अधिकारी समेत तोकिएको छ । छिटो सेवा दिनु नै हाम्रो मुख्य उद्देश्य भएकोले कार्यालय समय वाहेक पनि आवश्यक परे सेवा प्रदान गर्ने गरिएको छ । कागज प्रमाण पुगेको अवस्थामा तत्काल सेवा उपलब्ध गराई सरकारको सुशासन कायम गर्ने नीति कार्यान्वयनमा विशेष योगदान पुर्‍याइँदै आएको छ ।

प्रमुख जिल्ला अधिकारी

भाग 'ख'

## ५. संगठनात्मक ढाँचा

विगतमा जिल्ला कार्यालयको नामबाट कार्य सम्पादन गर्दै आएको यस कार्यालयको नाम वहुदलीय लोकतान्त्रिक पद्धतिसँगै जिल्ला प्रशासन कार्यालय रहन गएको हो। जिल्ला प्रशासन कार्यालय इलाममा मिति २०७२ सालसम्म रा.प. द्वितीय श्रेणीको प्रमुख जिल्ला अधिकारीको दरबन्दी कायम रहँदै आएकोमा मिति २०७२ फागुनबाट रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारीद्वारा यस कार्यालयको नेतृत्व समालिँदै आएको छ।

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय इलामको संगठन संरचना

- प्रमुख जिल्ला अधिकारी, रा. प. प्रथम, प्रशासन-१
  - निजी सहायक (रा.प.अनं प्र.,प्र.सा.प्र) ना.सु.-१, ह.स.चा. श्रेणी बिहिन- १. -१, का.स. श्रेणी बिहिन- १
  - सहायक प्रमुख जिल्ला अधिकारी, रा.प. द्वितिय, प्र.,सा.प्र.-१
    - प्रशासकीय अधिकृत (रा.प.तृतीय), प्र.,सा.प्र.-१
      - स्थानीय प्रशासन तथा शा.सु. शाखा: ना.सु ,प्र.,सा.प्र.,रा.प.अनं.प्र-१; खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १; का.स.,श्रेणी बिहिन- १; ह.स.चा. श्रेणी बिहिन- १
      - नागरिकता तथा प्रतिलिपि शाखा: ना.सु ,प्र.,सा.प्र. रा.प.अनं.प्र -२; क.अ.,विविध, रा.प.अनं.प्र १; खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १; का.स.,श्रेणी बिहिन- १
      - आर्थिक प्रशासन शाखा: ले.पा.,प्र.,लेखा,रा.प.अनं.प्र.- १; का.स.,श्रेणी बिहिन- १
    - प्रशासकीय अधिकृत (रा.प.तृतीय), प्र.,सा.प्र. -१
      - राहदानी तथा जिन्सी दर्ता शाखा: ना.सु ,प्र.,सा.प्र. रा.प.अनं.प्र -१; क.अ.,विविध, रा.प.अनं.प्र १; खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १; का.स.,श्रेणी बिहिन- १
      - गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखा: ना.सु ,प्र.,सा.प्र. रा.प.अनं.प्र -१; का.स.,श्रेणी बिहिन- १
      - मुद्दा तथा हातहतियार शाखा: ना.सु ,प्र.,सा.प्र. रा.प.अनं.प्र -१; खरिदार,,प्र.,सा.प्र.,रा.प.अनं.द्वि.- १; का.स.,श्रेणी बिहिन- १

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

प्रमुख जिल्ला अधिकारी

## . दरबन्दी विवरण

यस कार्यालयमा रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारीको दरबन्दी सिर्जना भएपछि कार्यालयमा रहेका विभिन्न फाँटमा समेत दरबन्दीहरु थप भएका छन् । रा.प. प्रथम श्रेणीको प्रमुख जिल्ला अधिकारी, रा.प. द्वितीय श्रेणीको उपसचिव र दुई जना शाखा अधिकृतको दरबन्दी कायम भएको छ । यस कार्यालयमा विभिन्न तहका गरी जम्मा दरबन्दी संख्या २७ कायम भएको छ । दरबन्दी सम्बन्धी विस्तृत विवरण यस प्रकार छः-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, इलामको दरबन्दी तेरिज

| क.सं. | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरबन्दी | थप | घट | कायम हुने दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प.प्रथम | प्रशासन | | १ | ० | ० | १ | |
| २ | स.प्र.जि.अ. | रा.प.द्वितीय | प्रशासन | सा.प्रशासन | १ | ० | ० | १ | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | २ | ० | ० | २ | |
| ४ | लेखा अधिकृत | रा.प.तृतीय | प्रशासन | लेखा | ० | ० | ० | ० | |
| ५ | शा.अ. सरकारी | रा.प.तृतीय | न्याय | सरकारी | ० | ० | ० | ० | |
| ६ | ना.सु. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्रशासन | ७ | ० | ० | ७ | |
| ७ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ८ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | विविध | १ | १ | ० | २ | |
| ९ | स.लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | ० | ० | ० | ० | |
| १० | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्रशासन | ४ | ० | ० | ४ | |
| ११ | सहायक क.अ. | रा.प.अनं.द्वितीय | विविध | विविध | १ | ० | १ | ० | |
| १२ | टाइपिष्ट | वेगअनुसार | प्रशासन | सा.प्र. | ० | ० | ० | ० | |
| १३ | ह.स.चा. | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | १ | १ | 0 | २ | |
| १४ | का.स. | श्रेणी विहिन | प्रशासन | सा.प्रशासन | ८ | ० | १ | ७ | |
| | | | | जम्मा | २७ | २ | २ | २७ | |

## भाग 'ग'

**७. यस आ.व.को ३ महिनामा सम्पादित कार्य प्रगति विवरण**

यस आ.व.को श्रावण, भाद्र र आश्विन महिनामा सम्पादित मूख्य–मूख्य कार्यहरुको विवरण निम्नानुसार उल्लेख गरिएको छ –

**क. नागरिकता तर्फः**

आ.व. ०७७/०७८ को श्रावणदेखि आश्विन महिनासम्ममा यस कार्यालयबाट वितरण गरिएको नागरिकता विवरण निम्नानुसार छः-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी

**आ.व. २०७७/०७८ को श्रावण देखि आश्विन महिनासम्मको**
**तीन महिने कार्य सम्पादन विवरण**

| क्र.स. | महिना | बंशज | वैवाहिक अंगिकृत | प्रतिलिपी | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रावण | १४१ | ० | ९५ | |
| २ | भाद्र | १७७ | २ | १०० | |
| ३ | आश्विन | ४५९ | ० | २६८ | |
| | जम्मा | ७७७ | २ | ४६३ | |

**ख. मुद्दा तर्फः**

आ.व. ०७७/०७८ को श्रावण देखि आश्विन महिनासम्ममा मुद्दा तर्फको कार्य सम्पादन विवरण निम्नानुसार प्रस्तुत गरिएको छः-

**आ.व. २०७७/०७८ को श्रावण देखि आश्विन महिनासम्मको**
**तीन महिने कार्य सम्पादन विवरण**

| क्र०स० | मुद्दा दर्ता महिना | अभद्र व्यवहार | | हातहतियार खरखजाना मुद्दा | | सार्वजनिक अपराध | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता | फैसला | दर्ता | फैसला | दर्ता | फैसला | दर्ता | फैसला |
| १ | अ.ल्या | १३ | | १ | | १ | | १५ | |
| २ | श्रावण | ११ | ८ | | १ | | १ | ११ | १० |
| ३ | भाद्र | ७ | १८ | | | | | ७ | १८ |
| ४ | आश्विन | २ | ५ | | | | | २ | ५ |
| | जम्मा | ३३ | ३१ | १ | १ | १ | १ | ३५ | ३३ |

**ग. स्थानीय प्रशासन तर्फः**

**संघ संस्था तर्फः**

संघ संस्था दर्ता ऐन २०३४ अनुसार संघसंस्था, स्थानीय स्तरको पत्रपत्रिका तथा छापाखाना समेत दर्ता र नविकरण गर्ने अख्तियारी रहेको यस कार्यालयबाट आ.व. ०७७/०७८ को श्रावणदेखि आश्विन महिना भरीमा संघ संस्था दर्ता तथा नविकरण तर्फ सम्पादित कार्य प्रगति विवरण निम्नानुसार रहेको छः-

आ.व. २०७७/०७८ को श्रावण देखि आश्विन महिनासम्मको
तीन महिने कार्य सम्पादन विवरण

| संघ/संस्था | | पत्र पत्रिका | | विष्फोटक पदार्थ इजाजत | | हातहतियार | | नावालिका परिचय–पत्र वितरण |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ दर्ता | नवीकरण | नयाँ दर्ता | नवीकरण | नयाँ दर्ता | नवीकरण | नयाँ दर्ता | नवीकरण | |
| ७ | ९७ | - | - | - | ६ | - | ४ | ३ |

**घ. राहदानी तर्फः**

आ.व. ०७७/०७८ को श्रावणदेखि आश्विन महिना भरीमा मा सम्पादित कार्य विवरण निम्नानुसार रहेको छः-

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय इलाम

प्रमुख जिल्ला अधिकारी

## आ.व. २०७७/०७८ को श्रावण देखि आश्विन महिनासम्मको
## तीन महिने कार्य सम्पादन विवरण

| क्र०स० | राहदानी सिफारिस गरेको महिना | जिल्लाबाट उपलब्ध गराउने गरी फाराम संकलन | द्रूत सेवा मार्फत सिफारिस | वितरण | राजश्व संकलन |
|---|---|---|---|---|---|
| १ | श्रावण | १८ | ५ | १६ | ९५००० |
| २ | भाद्र | २६ | ३ | ४० | १३५००० |
| ३ | आश्विन | ११९ | २१ | १२९ | ६३५००० |
| | जम्मा | १६३ | २९ | १८५ | ८६५००० |

**ङ. राष्ट्रिय परिचय पत्र तर्फः**

२०७७ श्रावण ९ गते जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचय पत्रको स्थायी दर्ता इकाई कक्ष स्थापना गरी २०७७ श्रावण १४ गतेदेखि विवरण दर्ता शुरु गरिएको छ । जस अनुसार श्रावणदेखि आश्विन महिनासम्म दर्ता भएका विवरण निम्नानुसार रहेको छ ।

## आ.व. २०७७/०७८ को श्रावण देखि आश्विन महिनासम्मको
## तीन महिने कार्य सम्पादन विवरण

| क्र०स० | महिना | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्रावण | ३८ | २५ | ६३ | |
| २ | भाद्र | १३४ | ८२ | २१६ | |
| ३ | आश्विन | १८५ | १५६ | ३४१ | |
| | जम्मा | ३५७ | २६३ | ६२० | |

**च. जिल्ला विपद् व्यवस्थापन समिति तर्फः**

जिल्लामा घट्ने विद्युतीय करेन्ट, बाढी, पहिरो, चट्याङ्ग, हुरी बतास, आगजनी, भूकम्प र महामारी जस्ता दैवी प्रकोपबाट भएका मानवीय तथा भौतिक क्षतिका लागि राहत वितरण गर्ने क्रममा आ.व. ०७७/०७८ को श्रावण, भाद्र र आश्विन महिनामा जम्मा राहत रकम रु १३,५३,०००।– (तेह्र लाख त्रिपन्न हजार मात्र) वितरण गरिएको छ । जसमा बाढीबाट भएको मानविय क्षतीको लागि राहत रु ६ लाख १ नं प्रदेश सरकार तथा २ लाख नेपाल सरकारबाट प्राप्त भएको हो । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय अनुमोदन गराई वितरण गरिएको राहत रकमको विस्तृत विवरण निम्नानुसार प्रस्तुत गरिएको छः-

## यस अवधिमा घटेका विपद्का घटना विवरण

| सिनं | महिना | आगलागी | | वाढी | | पहिरो | | चट्याङ | | हुरी बतास | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मानवीय क्षती | भौतिक क्षती | मानवीय क्षति | भौतिक क्षति | मानवीय क्षति | भौतिक क्षति | मानवीय क्षति | भौतिक क्षति | मानवीय क्षति | भौतिक क्षति |
| १ | श्रावण | - | - | १ | | - | २५ | - | - | - | - |
| २ | भाद्र | - | - | ३ | | - | १३ | - | - | - | - |
| ३ | आश्विन | - | - | | | - | ११ | - | - | - | - |
| | जम्मा | ० | ० | ४ | ० | ० | ४९ | ० | ० | ० | ० |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी

## राहत वितरण विवरण

| क्र.सं. | घटनाको विवरण | मानवीय क्षति (संख्यामा) | | घर क्षति (संख्यामा) | | | प्रभावित परिवार (संख्यामा) | | | राहत वितरण रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | मृत्यु | घाइते | पूर्ण | आंशिक | जम्मा | पूर्ण | आंशिक | जम्मा | |
| १ | आगलागी | - | - | - | - | - | - | - | - | - |
| २ | चट्याङ्ग | - | - | - | - | - | - | - | - | - |
| ३ | बाढी | ४* | - | - | - | - | - | - | - | - |
| ४ | पहिरो | - | - | ३० | १९ | - | - | - | - | ८०००००/- |
| ५ | महामारी | - | - | - | - | - | - | - | - | ५५३०००/- |
| ६ | हावाहुरी | - | - | - | - | - | - | - | - | - |
| ७ | भुकम्प | - | - | - | - | - | - | - | - | - |
| ८ | विधुतीय करेन्टबाट | - | - | - | - | - | - | - | - | - |
| ९ | भूकम्पदिवस कार्यक्रम | - | - | - | - | - | - | - | - | - |
| | जम्मा | | | | | | | | | १३५३०००/- |

* प्रदेश सरकार प्रदेश नं १ मानवीय क्षती वापत रु ६ लाख तथा नेपाल सरकार मानवीय क्षती वापत रु २ लाख

## ८. बजार अनुगमन

सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित अनुगमन समितिले जिल्लामा रहेका साना ठुला बजार तथा होटल व्यवसायहरुमा अनुगमन गरी महंगी नियन्त्रण, अखाद्य बस्तु विक्री वितरण नियन्त्रण नेपाल सरकारको नीति विपरितको सूर्तीजन्य पदार्थ विक्रिवितरणमा प्रतिवन्ध, व्यवसाय नविकरण दर्ता गर्ने/गराउने, मूल्य सूची राख्न लगाउने लगायतका काम नियमित रुपमा हुँदै आएको छ। आ.व. ०७७/०७८ को श्रावण देखि आश्विन महिना भरीमा बजार अनुगमन तर्फ भएको कार्यप्रगति विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छः-

| क्र०सं० | अनुगमन मिति | अनुगमनमा सम्लग्न कार्यालय | स्थान | अनुगमनमा देखिएको कैफियत | जफत वा नष्ट गरिएको परिमाण | सुधारका लागि दिइएँको निर्देशन | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०७७/०६/१० | जि०प्रशासन कार्यालय र जि० प्रहरी कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ | राँके, इलाम | म्याद नाधेको खाधसामाग्री/ व्यवसाय प्रमाण पत्र/ होटलको सरसफाई/पेय पदार्थ | नीति निर्देशनहरुको जानकारी गराइयो | सुर्तिजन्य पदार्थको खोलमा सो बाट हुने रोगको ९०% चित्र अंकित भएको मात्र विक्रिवितरण गर्न पाइने। | |
| २ | २०७७/०६/११ | जि०प्रशासन कार्यालय र जि० प्रहरी कार्यालय, कृषि ज्ञान केन्द्र, उद्योग वाणिज्य संघ | फिक्कल, इलाम | म्याद नाधेको खाधसामाग्री/ व्यवसाय प्रमाण पत्र/ होटलको सरसफाई/पेय पदार्थ | जफल सामाग्री नष्ट गरियो | म्याद नाधेको सामान विक्रिवितरण गरे कानुन बमोजिम कारवाही हुने | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी

लेखा तर्फः-

यस कार्यालयको आ.व. ०७७।०७८ को लागि नेपाल सरकारबाट विनियोजन भएकोमा यस अवधिमा चालु तर्फको निकासा रकम रु १,६६,९९,०००/- र पूँजीगत तर्फको निकासा रु ११,००,०००/- भएकोमा चालु तर्फ कूल खर्च रु. ४१,९७,००४।४८ र पूँजीगत तर्फको कूल खर्च रु. ००/- र बाँकी रु. ११,००,०००/- छ।

**जिल्ला प्रशासन कार्यालय**

**कार्यालय कोड नं.: ३१४९२०३०२**

खर्चको फाटवारी

आश्विन महिनासम्मको

आर्थिक बर्षः- २०७७/७८ म. ले. प. फा. न. २१०

बजेट उपशीर्षक : ३१४९२०११३-जिल्ला प्रशासन कार्यालयहरु

| खर्च/वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | बाँकी बजेट |
|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ९,८१७,०००.०० | १,२६३,००४.६० | १,३५४,५०९.९० | २,६१७,५१४.५० | ७,१९९,४८५.५० |
| २११२१ | पोशाक | २१०,०००.०० | ० | ० | ० | २१०,०००.०० |
| २११३२ | महंगी भत्ता | ५०४,०००.०० | ९४,०००.०० | ३८,०००.०० | १३२,०००.०० | ३७२,०००.०० |
| २११३९ | अन्य भत्ता | ५०,०००.०० | ० | ४५,०००.०० | ४५,०००.०० | ५,०००.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १५,०००.०० | ० | ० | ० | १५,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १०१,०००.०० | १३,६००.०० | ७,६००.०० | २१,२००.०० | ७९,८००.०० |
| २२१११ | पानी तथा बिजुली | ३००,०००.०० | ० | ३९,९३१.०० | ३९,९३१.०० | २६०,०६९.०० |
| २२११२ | संचार महसुल | २९५,०००.०० | ० | १६,०७७.०० | १६,०७७.०० | २७८,९२३.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ५७६,०००.०० | ० | १४०,४९८.०० | १४०,४९८.०० | ४३५,५०२.०० |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ३५०,०००.०० | ० | १०,४००.०० | १०,४००.०० | ३३९,६००.०० |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ५०,०००.०० | ० | ० | ० | ५०,०००.०० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १००,०००.०० | ० | ६३,५००.०० | ६३,५००.०० | ३६,५००.०० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १००,०००.०० | ० | ८,६६५.०० | ८,६६५.०० | ९१,३३५.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ६४०,०००.०० | ० | २३६,५५६.९८ | २३६,५५६.९८ | ४०३,४४३.०२ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | १००,०००.०० | ० | ० | ० | १००,०००.०० |
| २२४१९ | अन्य सेवा शुल्क | २,१०७,०००.०० | २७५,५२१.०० | २६५,२३१.०० | ५४०,७५२.०० | १,५६६,२४८.०० |
| २२५२२ | कार्यक्रम खर्च | १५०,०००.०० | ० | ६५,९००.०० | ६५,९००.०० | ८४,१००.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | १७२,०००.०० | ० | ० | ० | १७२,०००.०० |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ४६०,०००.०० | ० | १४५,९००.०० | १४५,९००.०० | ३१४,१००.०० |
| २२६१२ | भ्रमण खर्च | १५०,०००.०० | ० | ४९,०१०.०० | ४९,०१०.०० | १००,९९०.०० |
| २२७११ | विविध खर्च | २५०,०००.०० | ० | ६०,०००.०० | ६०,०००.०० | १९०,०००.०० |
| २७१११ | सामाजिक सुरक्षा | २२,०००.०० | ० | ४,१००.०० | ४,१००.०० | १७,९००.०० |
| २८१४२ | घर भाडा | १८०,०००.०० | ० | ० | ० | १८०,०००.०० |
| | कुल जम्मा | १६,६९९,०००.०० | १,६४६,१२५.६० | २,५५०,८७८.८८ | ४,१९७,००४.४८ | १२,५०१,९९५.५२ |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी

## १०. कोरोना भाइरस (कोभिड १९) संक्रमण नियन्त्रण तथा रोकथामः

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड-१९ को नियन्त्रण र रोकथामका लागि क्वारेन्टीन निर्माण, उपचार लगायतका वि
यस प्रकार छः-

**इलाम जिल्लाका विभिन्न स्थानीय तहमा रहेका क्वारेन्टीनमा स्वदेश तथा विदेशबाट आई बसेका व्यक्तिहरुको विवरण क्वारेन्टीन निर्माण भएदेखि २०७७ श्रावण मसान्तसम्म**

| सि.नं. | स्थानीय तहको नाम | क्वारेन्टाइनको नाम | वेड संख्या | क्वारेन्टीनमा बसेको मानिसको संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | विदेशबाट आएका | स्वदेशबाट आएका |
| १ | इलाम नगरपालिका | जिल्ला समन्वय समितिको नवनिर्मित भवन इलाम-७ इलाम | ५० | २६२ | १७१ | ९१ |
| | | इलाम नगरपालिका- ९ को नयाँबस पार्क | २८ | | | |
| | **इलाम नगरपालिका जम्मा** | | **७८** | **२६२** | **१७१** | **९१** |
| २ | माई नगरपालिका | गरुवा बहुमुखी क्याम्पस, दानाबारी माई न.पा. 2, इलाम। | ६५ | २०४ | १६६ | ३८ |
| | **माई नगरपालिका जम्मा** | | **६५** | **२०४** | **१६६** | **३८** |
| ३ | देउमाइ नगरपालिका | भानुभक्त मा.वि.मंगलबारे, देउमाइ न पा-४ लाम | ७५ | २१ | २१ | - |
| | | डम्बरदेवि मा.वि. चमैता दे.न.पा.-१ इलाम | २५ | ६५ | ६५ | - |
| | | जितपुर मा.वि. नवमी दे.न.पा. -९ इलाम | २५ | १२ | १२ | - |
| | | भगवती आ.वि. आम्बोटे दे.न.पा. -८ इलाम | २५ | ४ | - | ४ |
| | **देउमाई नगरपालिका जम्मा** | | **१५०** | **१०२** | **९८** | **४** |
| ४ | सूर्योदय नगरपालिका | पशुपतिनगर प्रा.स्वा.के. सू.न.पा.-२ इलाम | ५० | १९५ | ५६४ | १३ |
| | | कृष्णआश्रम मा.वि.सू.न.पा.-७ इलाम । | १५० | १५६ | | |
| | | करफोक विद्यामन्दिर मा.वि.सू.न.पा.-१२ इलाम | १५० | २२६ | | |
| | **सुर्योदय नगरपालिका जम्मा** | | **३५०** | **५७७** | **५६४** | **१३** |
| ५ | रोङ गाउँपालिका | शान्ति निकेतन मा.वि. रोङ गाउँपालिका-३, इलाम | ७५ | २०४ | १३४ | ७० |
| | | बालचन्द्र आ.वि. रोङ-३, इलाम | १० | ६ | ६ | - |
| | | इरौटार स्वा.चौ. रोङ-५, इलाम | १३ | ७ | ७ | - |
| | | इरौटार सामुदायिक वन कार्यालय रोङ-५, इलाम | ३० | ४ | ४ | - |
| | | मोतिराम मा.वि.रोङ-६ इलाम | ५० | ६ | ६ | - |
| | | सरस्वती मा.वि.भालुझोडा रोङ-४ इलाम । | ३० | २४ | ११ | १३ |
| | | २ नं. वडा कार्यालय भवन रोङ -२, इलाम र छेउको विद्यालयमा | ५० | ३६ | ३६ | - |
| | **रोङ गाउँपालिका जम्मा** | | **२५८** | **२८७** | **२०४** | **८३** |
| ६ | चुलाचुली गाउँपालिका | जनता मा.वि. बाहकोठे चुलाचुली-2, बाहकोठे, इलाम | ५० | १०५ | १०१ | ४ |
| | **चुलाचुली गाउँपालिका जम्मा** | | **५०** | **१०५** | **१०१** | **४** |
| ७ | माई जोगमाई गाउँपालिका | अमर कल्याण मा.वि. माइजोगमाइ-१, इलाम | ५० | ८४ | ४२ | ४२ |
| | | नामसालिङ स्वा.चौ. माइजोगमाइ -३, इलाम | ५० | | | |
| | **माई जोगमाई गाउँपालिका जम्मा** | | **१००** | **८४** | **४२** | **४२** |
| ८ | फाकफोकथुम गाउँपालिका | आमचोक मा.वि.फाकफोकथुम-३, इलाम । | २८ | ४० | ८ | ३२ |
| | **फाकफोकथुम गाउँपालिका** | | **२८** | **४०** | **८** | **३२** |
| ९ | माङसेबुङ गाउँपालिका | महेन्द्रोदय माध्यमिक विद्यालय, नाङरुङ, वडा नं. १ | २० | ८० | ० | ८० |
| | **माङसेबुङ गाउँपालिकाको जम्मा** | | **२०** | **८०** | **०** | **८०** |
| | | सरस्वती मा.वि. सन्दकपुर-३, इलाम । | ५ | २ | २ | - |
| | | प्रबोध मा.वि. सन्दकपुर-४, इलाम । | ५ | ३ | ३ | - |
| | **सन्दकपूर गाउँपालिकाको जम्मा** | | **८२** | **५** | **५** | - |
| | **जम्मा** | | **११८१** | **१७४६** | **१३५९** | **३८७** |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी

## इलाम जिल्लाका विभिन्न स्थानीय तहमा रहेका क्वारेन्टीनमा स्वदेश तथा विदेशबाट आई बसेका व्यक्तिहरुको विवरण
## २०७७ भाद्र मसान्तसम्म

| सि.नं. | स्थानीय तहको नाम | क्वारेन्टाइनको नाम | वेड संख्या | क्वारेन्टाइनमा बसेको मानिसको संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | विदेशबाट आएका | स्वदेशबाट आएका |
| १ | इलाम नगरपालिका | इलाम नगरपालिका- ९ को नयाँबस पार्क | ४० | ४४ | ४२ | २ |
| | | **इलाम नगरपालिका जम्मा** | **४०** | **४४** | **४२** | **२** |
| २ | माई नगरपालिका | गरुवा बहुमुखी क्याम्पस, दानाबारी माई न.पा. २, इलाम। | ६५ | ४३ | ३९ | ४ |
| | | **माई नगरपालिका जम्मा** | **६५** | **४३** | **३९** | **४** |
| ३ | देउमाई नगरपालिका | डम्बरदेवि मा.वि. चमैता दे.न.पा.-१ इलाम | २५ | १६ | १५ | १ |
| | | **देउमाई नगरपालिका जम्मा** | **२५** | **१६** | **१५** | **१** |
| ४ | सूर्योदय नगरपालिका | पशुपतिनगर प्रा.स्वा.के. सू.न.पा.-२ इलाम | ५० | ३८ | ३८ | - |
| | | कृष्णआश्रम मा.वि.सू.न.पा.-७ इलाम । | १५० | - | - | - |
| | | करफोक विद्यामन्दिर मा.वि.सू.न.पा.-१२ इलाम | १५० | - | - | - |
| | | **सुर्योदय नगरपालिका जम्मा** | **३५०** | **३८** | **३८** | **०** |
| ५ | रोङ गाउँपालिका | शान्ति निकेतन मा.वि. रोङ गाउँपालिका-३, इलाम | ७५ | ४० | ४० | - |
| | | **रोङ गाउँपालिका जम्मा** | **७५** | **४०** | **४०** | **०** |
| ६ | चुलाचुली गाउँपालिका | जनता मा.वि. बाहकोटे चुलाचुली-2, बाहकोटे, इलाम | ५० | २० | १७ | ३ |
| | | **चुलाचुली गाउँपालिका जम्मा** | **५०** | **२०** | **१७** | **३** |
| ७ | माईजोगमाई गाउँपालिका | अमर कल्याण मा.वि. माइजोगमाइ-१, इलाम | १०० | ९ | २ | ७ |
| | | नामसालिङ स्वा.चौ. माइजोगमाइ -३, इलाम | | | | |
| | | **माई जोगमाई गाउँपालिका जम्मा** | **१००** | **९** | **२** | **७** |
| ८ | फाकफोकथुम गाउँपालिका | आमचोक मा.वि.फाकफोकथुम-३, इलाम | २८ | ० | ० | ० |
| | | सिंहदेवी मा.वि.एकतप्पा फाकफोकथुम-७ इलाम | ७५ | ० | ० | ० |
| | | **फाकफोकथुम गाउँपालिका** | **१०३** | **०** | **०** | **०** |
| ९ | माङसेबुङ गाउँपालिका | जनता आधारभुत विद्यालय, सिङफेरे , वडा नं. ४ | **10** | ० | ० | ० |
| | | **माङसेबुङ गाउँपालिकाको जम्मा** | **१०** | **०** | **०** | **०** |
| १० | सन्दकपुर गाउँपालिका | माइपोखरी सस्कृत मा.वि.सन्दकपुर-३, इलाम | ३७ | ७ | ७ | ० |
| | | **सन्दकपूर गाउँपालिकाको जम्मा** | **३७** | **७** | **७** | **०** |
| | | **जम्मा** | ८५५ | २१७ | २०० | १७ |

## इलाम जिल्लाका विभिन्न स्थानीय तहमा रहेका क्वारेन्टीनमा स्वदेश तथा विदेशबाट आई बसेका व्यक्तिहरुको विवरण
## २०७७ असोज मसान्तसम्म

| सि.नं. | स्थानीय तहको नाम | क्वारेन्टाइनको नाम | वेड संख्या | क्वारेन्टाइनमा बसेको मानिसको संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | जम्मा | विदेशबाट आएका | स्वदेशबाट आएका |
| १ | इलाम नगरपालिका जम्मा | इलाम नगरपालिका- ९ को नयाँबस पार्क | ४० | ४१ | ४१ | - |
| | | **इलाम नगरपालिका जम्मा** | **४०** | **४१** | **४१** | **-** |
| २ | माई नगरपालिका | गरुवा बहुमुखी क्याम्पस, दानाबारी माई न.पा. 2, इलाम। | ६५ | ८१ | ७९ | २ |
| | | **माई नगरपालिका जम्मा** | **६५** | **८१** | **७९** | **२** |
| ३ | देउमाई नगरपालिका जम्मा | डम्बरदेवि मा.वि. चमैता दे.न.पा.-१ इलाम | २५ | - | - | - |
| | | **देउमाई नगरपालिका जम्मा** | **२५** | **०** | **०** | **०** |
| ४ | सूर्योदय नगरपालिका | पशुपतिनगर प्रा.स्वा.के. सू.न.पा.-२ इलाम | ५० | ७० | ६६ | ४ |

प्रमुख जिल्ला अधिकारी

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कृष्णआश्रम मा.वि.सू.न.पा.-७ इलाम । | १५० | - | - | - |
| | | करफोक विद्यामन्दिर मा.वि.सू.न.पा.-१२ इलाम | १५० | - | - | - |
| | | सुर्योदय नगरपालिका जम्मा | ३५० | ७० | ६६ | ४ |
| ५ | रोङ गाउँपालिका | शान्ति निकेतन मा.वि. रोङ गाउँपालिका-३, इलाम | ७५ | ३३ | ३३ | - |
| | | रोङ गाउँपालिका जम्मा | ७५ | ३३ | ३३ | ० |
| ६ | चुलाचुली गाउँपालिका | जनता मा.वि. बाहकोठे चुलाचुली-२, बाहकोठे, इलाम | ५० | ६ | ६ | - |
| | | चुलाचुली गाउँपालिका जम्मा | ५० | ६ | ६ | ० |
| ७ | माईजोगमाई गाउँपालिका | अमर कल्याण मा.वि. माइजोगमाइ-१, इलाम | १०० | १४८ | ९८ | ५० |
| | | नामसालिङ स्वा.चौ. माइजोगमाइ -३, इलाम | | | | |
| | | माई जोगमाई गाउँपालिका जम्मा | १०० | १४८ | ९८ | ५० |
| ८ | फाकफोकथुम गाउँपालिका | आमचोक मा.वि.फाकफोकथुम-३, इलाम | २८ | - | - | - |
| | | सिंहदेवी मा.वि.एकतप्पा फाकफोकथुम-७ इलाम | ७५ | - | - | - |
| | | फाकफोकथुम गाउँपालिका | १०३ | ० | ० | ० |
| ९ | माङसेबुङ गाउँपालिका | जनता आधारभुत विद्यालय, सिङफेरे , वडा नं. ४ | 10 | - | - | - |
| | | माङसेबुङ गाउँपालिकाको जम्मा | १० | ० | ० | ० |
| १० | सन्दकपुर गाउँपालिका | माइपोखरी सस्कृत मा.वि.सन्दकपुर-३, इलाम | ३७ | ६ | ६ | - |
| | | सन्दकपूर गाउँपालिकाको जम्मा | ३७ | ६ | ६ | - |
| | | जम्मा | ८५५ | ३८५ | ३२९ | ५६ |

## इलाम जिल्लामा शुरुदेखि २०७७ आश्विन मसान्तसम्मको PCR परीक्षणको विवरण

| सि. नं. | स्थानीय तह | हालसम्म PCR बाट स्वाब परीक्षणको विवरण | | | | उपचार पछि घर फर्किएको संख्या | निको हुन बाँकी बिरामीको संख्या | कोरोना संक्रमण मृत्यु हुनेको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | PCR परीक्षणको लागि स्वाब संकलन संख्या | PCR परीक्षणको नतिजा | | PCR परीक्षणको नतिजा आउन बाँकी संख्या | | | |
| | | | पोजेटिभ | नेगेटिभ | | | | |
| ०१ | इलाम नगरपालिका | १२३३ जना | ५८ जना | ११२८ जना | ४७ जना | ५७ जना | १ जना | |
| ०२ | माइ नगरपालिका | ५२२ जना | ६ जना | ४७८ जना | ३८ जना | ६ जना | - | |
| ०३ | देउमाइ नगरपालिका | ३७१ जना | ४ जना | ३६७ जना | - | ४ जना | - | |
| ०४ | सूर्योदय नगरपालिका | १०६२ जना | १५ जना | १०२८ जना | १९ जना | १५ जना | - | १ जना |
| ०५ | रोङ गाउँपालिका | ८९५ जना | १ जना | ८६४ जना | ३० जना | १ जना | - | |
| ०६ | चुलाचुली गाउँपालिका | ४३२ जना | ३ जना | ४१६ जना | १३ जना | ३ जना | - | |
| ०७ | माइजोगमाई गाउँपालिका | २०७ जना | - | १६५ जना | ४२ जना | - | - | |
| ०८ | फाकफोकथुम गाउँपालिका | २७१ जना | - | २७१ जना | - | - | - | |
| ०९ | माङसेबुङ गाउँपालिका | ९९ जना | - | ७२ जना | २७ जना | - | - | |
| १० | सन्दकपुर गाउँपालिका | ३२५ जना | ८ जना | ३१७ जना | - | ८ जना | - | |
| | जम्मा | ५४१७ जना | ९५ जना | ५१०६ जना | २१६ जना | ९४ जना | १ जना | १ जना |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी

**११. विविध कार्य:**

बिशेष गरी रा.प. प्रथम श्रेणीका प्रमुख जिल्ला अधिकारीले पद वहाली गरेसँगै कार्यालयमा कार्यालयको सबै फाँट–फाँटमा सी.सी. क्यामेरा जडान गरिएको छ। सेवाग्राहीलाई सुविधा पुर्याउने उद्देश्यले सेवाग्राही कक्ष निर्माण गरिएको छ। कर्मचारीको ड्रेस कोड र परिचय–पत्रलाई अनिवार्य गरिएको छ। बिहान १०:०० बजेको समयलाई 'शून्य आवर' बनाई आपसी छलफल र सेवालाई के–कसरी सेवामैत्री बनाउन सकिन्छ भन्ने बारेमा सबै कर्मचारीबीच समिक्षा गर्ने गरिएको छ। स्टाफ बैठकलाई मासिक रुपमा निरन्तरता दिने गरिएको छ। जिल्लास्थित सम्पूर्ण कार्यालयहरुबाट प्रदान गरिने सेवा र त्यस्तो सेवा प्राप्त गर्न आवश्यक पर्ने कागज प्रमाण र सेवा शुल्क बारे स्पष्ट बिवरण सहितको सेवा प्रवाह डिजिटल वडापत्र तयार गरिएको छ। यसले एकातिर आम सेवाग्राहीलाई सेवा लिन आवश्यक पर्ने कागज प्रमाण र सेवा शुल्कको बारेमा अग्रिम जानकारी प्राप्त हुन सक्छ भने अर्कोतिर सेवा प्रदायक निकायलाई प्रकृयागत पारदर्शिताको सैद्धान्तिक मान्यतालाई व्यवहारमा रुपान्तरण गर्ने सुनौलो अवसर समेत प्राप्त भएको छ। यसरी तयार भएको सेवा प्रवाह वडापत्र यस जिल्लाका १० वटै पालिकाका ८१ वटा वडाहरुमा समेत पठाई सकिएको छ। जसबाट आम सेवाग्राहीलाई सेवा लिन सदरमुकाम आउँदा शुरुमै सबै प्रकृयाको बारेमा अग्रिम जानकारी भई सेवा लिन सजिलो हुने व्यवस्था मिलाइएको छ।

आवश्यकता अनुसार जिल्ला सुरक्षा समिति र विपद् व्यवस्थापन समितिको बैठक बसी सबै सरोकार वाला निकाय/ सुरक्षा निकायसँगको आपसी समन्वयमा कार्य विभाजन गरी उच्च मनोबलका साथ सुरक्षाकर्मीहरुको परिचालन गरी जिल्लामा शान्ति सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाइएको साथै सकट व्यवस्थापन गरिएको छ।

**१२. समस्याहरु:**

जिल्ला प्रशासन कार्यालय निकै पुरानो कार्यालय हो। यस कार्यालयबाट प्रवाह गर्ने सेवालाई प्रविधियुक्त बनाउन सकिएको छैन। परम्परागत पद्धत्तिबाट सेवा दिँदा कतिपय अवस्थामा सेवाग्राही हैरानीमा पर्ने गरेका छन्। तसर्थ, सेवालाई अझ छिटो छरितो रुपमा प्रवाह गर्न नवीनतम प्रविधिको उपयोग बढाउनु आवश्यक छ।

खासगरी साधनस्रोत, प्रविधि र अवसरमा समेत यो कार्यालय पछि परेको अवस्था छ। कार्यालयको भौतिक संरचना र सेवा प्रवाह प्रक्रियालाई पूर्ण रुपमा सेवाग्राही मैत्री र प्रविधियुक्त बनाउन सकिएको छैन। कर्मचारीको लागि Refresher तालिम, सीप विकास सम्बन्धी तालिम, वैदेशिक अवलोकन भ्रमणको अवसर शून्य छ। यसले गर्दा यो कार्यालयका कर्मचारीहरु अन्य कार्यालयको तुलनामा यसकारण अवसर बाट स्वतः बञ्चित रहेका हाम्रो बुझाई छ।
कर्मचारीलाई कामप्रति उत्प्रेरित गराउने मूख्य माध्यम भनेको Incentive नै हो। जिल्लाका कतिपय अन्य कार्यालयमा नेपाल सरकारले विभिन्न खालका Incentive प्याकेज ल्याएको छ तर यो कार्यालयमा कुनै पनि Incentivey छैन। जसले गर्दा कर्मचारी Retention को ठूलो समस्या पनि देखिएको छ। Font line service दिनुपर्ने यो कार्यालयमा काम गर्नुपर्ने समयको कुनै निश्चित सीमा छैन। दश बजेदेखि पाँच बजेसम्म सेवा दिने भनिएतापनि अधिकांश दिनमा बेलुकी अबेरसम्म सेवा प्रदान गर्नैपर्ने हुन्छ। यस्तो अवस्थामा काम गर्ने कर्मचारीको लागि अतिरिक्त सुविधा दिन आवश्यक देखिन्छ।

**१३. सुधारको बाटो**

- कार्यालयलाई साधन सम्पन्न बनाउन पर्याप्त साधन स्रोतको व्यवस्था हुनुपर्ने।
- कर्मचारीलाई सीप विकासका तालिम, प्रशिक्षणको यथेष्ट अवसरको सुनिश्चितता गराउनु पर्ने,
- कर्मचारीको लागि Incentive प्याकेज तत्काल लागु गरिनु पर्ने,
- सेवा प्रवाहको लागि नवीनतम प्रविधिको उपयोग बढाउन कर्मचारीलाई प्रविधि सम्बन्धी तालिम दिनु पर्दछ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी

## १४. निष्कर्षः

कार्यालयले सम्पादन गरेका कार्यहरुको त्रैमासिक गतिविधी समेटिएको यो स्वतः प्रकाशन यस कार्यालयको आ.व. २०७७/७८ को श्रावण देखि आश्विन सम्म पहिलो प्रकाशन हो । यस प्रकारको प्रकाशनले नागरिकको सूचनाको हकलाई थप प्रभावकारी बनाउन सक्ने बिषयलाई व्यवहारमा उतारेको छ ।

सुशासन ऐन तथा नियमावली तथा सूचनाको हक सम्बन्धी कानूनी व्यवस्थाले यो कार्यलाई अनिवार्य पनि गराएको छ । यस्तो कार्यले एकातिर विगतमा सम्पादित कार्यहरुको सिलसिलेवार दस्तावेज तयार हुन्छ भने अर्कोतिर सम्पादित कार्यहरुको स्पष्ट विवरण सर्वसाधारणको जानकारीमा ल्याउन सजिलो पर्दछ । यसबाट ऐनले परिकल्पना गरेको पारपदर्शिता, उत्तरदायित्व र सामाजिक लेखापरीक्षणको मार्ग समेत उजागर हुनमा मद्धत्त पुग्दछ भन्ने हाम्रो विश्वास छ ।

यो Pro-active प्रतिवेदनमा ‘भाग– क’ देखि ‘भाग– ग’ सम्म विभिन्न प्रसङ्ग उल्लेख गरिएको छ । कार्यालयको दूरदृष्टि, उद्देश्य, मूख्य–मूख्य कार्यहरु उल्लेख गर्दै काम गर्दा आवश्यक पर्ने प्रकृया र सेवाग्राहीले पेश गर्नुपर्ने कागजातको बारेमा समेत संक्षिप्त चर्चा गरिएको छ । नागरिकता, राहदानी, दैवीप्रकोप राहत तथा क्षतिपूर्ती लगायतका कार्यहरुको विवरण उल्लेख गर्दै कार्यालयमा रहेका समस्या र समाधानका लागि तत्काल चाल्नुपर्ने कदमका बारेमा उल्लेख गर्दै कार्यालयको लागि आवश्यक पर्ने निवेदन ढाँचा समेत उल्लेख गरी प्रतिवेदनलाई पूर्णता दिइएको छ । यस प्रकाशनले कार्यालयको कामकारवाहीको पारदर्शिता सुनिश्चित गर्नु साथै सूचनाको हक कार्यान्वयनमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
इलाम

प्रमुख जिल्ला अधिकारी